कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

फोन नं. ०८८-५२०१३०
Email: adosalyan2076@gmail.com
Website: www.adosalyan.gov.np

# कृषि विकास कार्यालय, सल्यान

प.सं. २०७८/०७९
च. नं.

सूचना प्रकासन मितिः २०७८/०९/१३

## रोड कोरिडोर तरकारी उत्पादन कार्यक्रममा सहभागी हुन दरखास्त आह्वानको सूचना ।

कृषि विकास कार्यालय, सल्यानको आ.व. २०७८/०७९ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार तपसिलका रोड कोरिडोर क्षेत्रमा तरकारी उत्पादन कार्यक्रममा अनुदान रकम उपलब्ध गराउने कार्यक्रम रहेको हुदाँ कम्तिमा २० रोपनी क्षेत्रफलमा तरकारी खेती गर्न ईच्छुक कृषि ब्यवसायमा संलग्न कृषक समूह, कृषि सहकारी, नीजि उद्यमी फर्महरुबाट दरखास्त आह्वानको लागि यो सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशन भएको मितिले १५ दिन (मिति २०७८/०९/२७ गतेका दिन सार्वजनिक विदा परेमा कार्यालय खुलेको दिन) भित्र कृषि विकास कार्यालय, सल्यानमा तपसिल अनुसारका कागजातहरु संलग्न गरी आवेदन पेश गर्न हुन अनुरोध गरिन्छ ।
थप जानकारीको लागि कृषि विकास कार्यालय, सल्यान (फोन नं. ०८८-५२०१३०) मा सम्पर्क गर्न र कार्यालयको Website: www.adosalyan.gov.np मा सूचना, दरखास्तको नमुना र कार्यविधि प्राप्त गर्न सकिनेछ ।

**संचालन गरिने कार्यक्रमहरुः**

| क्र. स. | कार्यक्रमको नाम | ईकाइ | परिमाण | बजेट रु. | अनुदान % | कै. |
|---|---|---|---|---|---|---|
| १ | रोड कोरिडोर तरकारी उत्पादन कार्यक्रम (राप्ती राजमार्गको कपुरकोट देखि खौला सम्म र संखमूल देखि खर्सुवास सडक) | पटक | १ | ३० लाख | समूह, सहकारी ७० र नीजि फर्म ५० | |
| २ | तरकारी उत्पादनः सोलाबाङ्ग देखि संखमूल रोड कोरिडोर | पटक | १ | २० लाख | समूह, सहकारी ७० र नीजि फर्म ५० | |

आवश्यक कागजातहरुः

१. निवेदन, समूह/सहकारीको हकमा निर्णयको प्रतिलिपि र दर्ता प्रमाण पत्रको प्रतिलिपि ।
२. ब्यावसायिक तरकारी खेती ब्यवसाय गर्ने अनुसूचि-३ अनुसारको प्रस्ताव ।
३. सहकारी र नीजि फर्मको हकमा गत आ. व. सम्म कर चुक्ता प्रमाणको प्रतिलिपि ।
४. जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाण पत्रको प्रतिलिपि वा जमिन भाडामा लिई खेती गरेको भए कम्तिमा १५ बर्षको करारनामा ।
५. सम्बन्धित स्थानीय तह वा वडा कार्यालय वा कृषि विकास शाखाको सिफारिस पत्र ।
६. प्रतिबद्धता पत्र ।

भरत बहादुर वस्नेत
निमित्त प्रमुख